# रत्ननगर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
रत्ननगर, चितवन
बागमती प्रदेश, नेपाल

प.सं.
च.नं.

मिति: २०८०।१०।२८

विषय: सि.सि.क्यामेरा जडान सम्वन्धि सूचना ।

सूचना नं. RAT/CHITWAN/Service/SQ/08/2080-81

(दोस्रो पटक प्रकाशित सूचना मिति २०८०।१०।२९)

१. सार्वजनिक खरिद ऐन २०६३ को दफा ४० तथा सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८४ मा व्यवस्था भए बमोजिम नगरपालिका वडा नं. १२ को विभिन्न सार्वजनिक स्थान तथा मुख्य वस्ती क्षेत्रमा सि.सि.क्यामेरा जडान तथा सञ्चालन सम्वन्धि काम गर्न सिलवन्दी दरभाउपत्र आह्वान गर्नु पर्ने भएकोले दरभाउपत्र फारम दस्तुर रु. १०००/- अक्षरुपी एक हजार मात्र (पछि फिर्ता नहुने) यस कार्यालयको नाममा राष्ट्रिय वाणिज्य बैंक टाँडी शाखामा रहेको आन्तरिक राजश्व खाता नं.१८३०१००३०१०१०००३ मा बुझाई सो को सक्कलै भौचर सहित वा नगरपालिका कार्यालयमा नगद दाखिला गरेको भौचरसहित दरभाउपत्र फाराम खरिद गरी पेश गर्न सकिने छ ।

२. यो सूचना मिति २०८०।१०।२९ गते देखि मिति २०८०।११।१४ गते सम्म सिलवन्दी दरभाउपत्र पेश गर्न ईच्छुक फर्महरुले नवीकरण भएको प्रमाणपत्र, मु.अ.कर दर्ता प्रमाणपत्र व्यवसाय दर्ता प्रमाणपत्र, आ.व. २०७९।०८० को आयकर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपीहरु संलग्न गरी सिलवन्दी दरभाउपत्र पेश गर्न सकिने छ ।

३. मिति २०८०।११।१५ गते दिनको १२:०० बजे भित्र आफैले खरिद गरेको दरभाउपत्र रीतपूर्वक भरी, सिलवन्दी गरी रत्ननगर नगरपालिका कार्यालयमा दर्ता गराईसक्नु पर्नेछ । दर्ता भएका सिलबन्दी दरभाउपत्रहरु सोही दिन दिनको १:०० बजे नियमानुसार कर्मचारी प्रतिनिधी र सिलबन्दी दरभाउपत्रदाता वा निजको प्रतिनिधीको रोहवरमा खोलिनेछ । सिलबन्दी दरभाउपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन ।

४. सिलबन्दी दरभाउपत्र दर्ता गर्दा सूचनामा तोकिए अनुसारको जमानत वापतको धरौटी रकम रु. २०,०००।- ( अक्षेरुपी वीस हजार मात्र) यस कार्यालयको नाममा राष्ट्रिय वाणिज्य बैंक टाँडी शाखामा रहेको धरौटी खाता नं. १८३०१००३०३००००३ मा जम्मा गरेको सक्कलै भौचर वा क वर्गको बैंकबाट जारी भएको दरभाउपत्र खुल्ने मितिबाट ७५ (पचहतर) दिन भएको बैंक ग्यारेन्टी (विड बण्ड) दरभाउपत्रसाथ पेश गर्नुपर्नेछ ।

५. यस सूचनामा उल्लेख भएकोमा यसै अनुसार र अन्य कुराको हकमा सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ तथा प्रचलित नेपाल कानून अनुसार हुनेछ । विस्तृत जानकारीका लागि रत्ननगर नगरपालिकाको कार्यालय, रत्ननगर, चितवनमा सम्पर्क रोख्न सकिनेछ ।

| सि.नं. | सूचना नं. | विवरण | विनियोजित वजेट | प्राविधिक ल.ई.(भ्याट पि.एस.सहित) | कैफियत |
|---|---|---|---|---|---|
| १ | RAT/CHITWAN/Goods/SQ/08/2080-81 | सि.सि. क्यामेरा जडान तथा सञ्चालन | ७,००,०००।- (सात लाख मात्र) | ६,७४,१४६।७० (छ लाख चौहत्तर हजार एक सय छयालिस रुपैयाँ र पैसा सत्तरी मात्र) | |

OIC

प्रमुख प्रशासकीय अधिकृत